बागमती प्रदेश सरकार
उद्योग, पर्यटन श्रम तथा यातायात मन्त्रालय
निजि सचिवालय
मा. राजेन्द्र प्रजापती
मन्त्री
हेटौंडा, नेपाल

## इन्द्रजात्राको शुभकामना।

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,**

सर्वप्रथमतः ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेको इन्द्रजात्रा पर्वको पावन सुअवसरमा सम्पुर्णमा हार्दिक मङ्गलमय शुभकामना। विशेषगरी काठमाडौँ उपत्यकाभित्रका स्थनियहरुको आस्था र भावनासँग जोडिएको यो जात्रा केवल एक धार्मिक उत्सव मात्र नभई, हाम्रा पुर्खाहरूबाट हस्तान्तरण भई आएका परम्परा, कला, सङ्गीत, नृत्य, आस्था र सामाजिक एकताको जीवन्त धरोहर समेत हो। यसले हामीलाई हाम्रो मूल पहिचान, इतिहास र राष्ट्रिय गौरवप्रति गर्व गर्न सिकाउँछ। नेवार समुदायमा 'येँया' भनेर पुजिने यस पर्व वर्षा, फसल, समृद्धि र नगर सुरक्षाका देवता इन्द्रको पूजा गर्ने परम्पराबाट सुरु भएको विश्वासले भरिएको छ। जात्राको मुख्य आकर्षणमा लिङ्गो उभ्याउने अनुष्ठान, जीवित देवी कुमारीको रथयात्रा, गणेश र भैरवको रथयात्रा, आकाश भैरवको दर्शन, पुलुकिसी नाच, लाखे नाच, दश अवतार नाच तथा परम्परागत बाजागाजा पर्दछन्। यी सबै तत्त्वहरूले नेपाली सभ्यताको समृद्ध र विविध स्वरूपलाई झल्काउँछ।

यो जात्राले हामीलाई एकता, सहिष्णुता, सामूहिक सहभागिता, सामाजिक जिम्मेवारी र सांस्कृतिक संरक्षणको शिक्षा दिन्छ। रथ तान्दै, नाच देखाउँदै, बाजा बजाउँदै र भक्तजनहरूको व्यवस्थापन गर्दै लाखौँ नागरिकको सहभागिताले सामुदायिक शक्ति र भाइचारालाई समेत बलियो बनाउँछ। यसमा हिन्दु, बौद्ध र नेवार परम्पराका तत्त्वहरू एकै सांस्कृतिक धारामा मिसिएका छन्, जसले नेपालको धार्मिक सद्भाव र सांस्कृतिक समन्वयको सुन्दर उदाहरण प्रस्तुत गर्दछ। इन्द्रजात्राको संरक्षणमा स्थानीय समुदाय, गुठियार, कलाकार, युवा, विद्यालय, सामाजिक संस्था र सरकारको संयुक्त भूमिका अपरिहार्य छ। परम्परागत नृत्य, बाजा, मुखौटा, पोशाक र अनुष्ठानलाई नयाँ पुस्तासम्म पुर्‍याउनु आजको हाम्रो साझा दायित्व हो। साथै जात्राका क्रममा स्वच्छता, सुरक्षा, भीड व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र पर्यावरण संरक्षण प्रति हामी सबै नागरिक सचेत हुनुपर्ने देखिन्छ।

बागमती प्रदेश सरकार सांस्कृतिक सम्पदाको संरक्षण, परम्परागत कलाकारहरूको प्रोत्साहन, अमूर्त सांस्कृतिक धरोहरको दस्तावेजीकरण र सांस्कृतिक पर्यटनको प्रवर्द्धनमा प्रतिबद्ध रहनेछ। स्थानीय समुदायको स्वामित्व र जात्राको पवित्रता सुरक्षित राख्दै यसलाई भावी पुस्तासम्म सुरक्षित तवरले हस्तान्तरण गर्न सबै पक्षले सहयोग अवश्यक देखिन्छ।जात्राको पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि, स्वास्थ्य, पारिवारिक सुख र आध्यात्मिक शान्ति बनि रहोस्। हाम्रो समाजमा एकता, सहिष्णुता, सद्भाव, राष्ट्रिय एकता र सांस्कृतिक चेतना सधैं बढ्दै जाओस्। अन्त्यमा इन्द्रजात्राको हार्दिक मङ्गलमय शुभकामना !

**जय संस्कृति, जय सभ्यता!**

**ईति सम्वत २०८३ साल असोज महिना ९ गते**
**नेपाल सम्वत ११४६ ञंलाथ्व चतुर्दशी शुक्रवार**

**राजेन्द्र प्रजापती**
**मन्त्री**